# काठेखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६. संख्या:१ मितिः २०७९-१०-०८

भाग-१

काठेखोला गाउँपालिका

# काठेखोला गाउँपालिकाको कृषि विकास तथा व्यवसाय प्रवर्द्धन ऐन २०७९

# काठेखोला गाउँपालिकाको कृषि विकास तथा व्यवसाय प्रवर्द्धन ऐन २०७९

**प्रमाणीकरण मिति :** २०७९/१०/१३

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७९/१०/१३

**प्रस्तावनाः**

काठेखोला गाउँपालिकाको क्षेत्र भित्रको कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि सहकारि, समुह, समिति र कृषि प्रसारको व्यवस्थापन तथा संचालन, कृषि तथा व्यवसायीक अनुदान, उत्पादन अनुदान, यान्त्रिकरण, व्यवसायीकरण, व्यवसाय प्रवर्द्धन एवं व्यवस्थापन, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्दै कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरण द्वारा व्यवसायिक रुपमा समग्र कृषि विकास, व्यबस्थापन र सुशासन कायम गर्न तथा कृषि र पशुजन्य पदार्थ वा उत्पादन, बिक्रि वितरण, निकासि पैठारी गरि यस क्षेत्रमा स्वरोजगार बढाउने गरि कृषिमा आधारित घरपरिवार तथा समुदायको आर्थिक सम्वृद्धि हासिल गर्नका लागि आवश्यक कानूनी व्यवस्था वाञ्छनीय भएकोले, नेपालको संविधान वमोजिम खाद्य सम्वन्धि हकको संरक्षण गर्दै नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम काठेखोला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गाउँपालिकाको कृषि विकास तथा व्यवसाय प्रवर्द्धन ऐन, २०७९" रहेकोछ।

(२) यो ऐन गाउँ सभा बाट पारित भई काठेखोला गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि काठेखोला गाउँपालिकाभर प्रारम्भ हुनेछ।

**(२) परिभाषाः**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा –

**क) "स्थानिय सरकार"** भन्नाले काठेखोला गाउँपालिकाका वडाहरू र पालिकामा निर्वाचित जनप्रतिनिधीहरू सम्झनु पर्छ।

**ख) "अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

**ग) "कार्यपालिका"** भन्नाले काठेखोला गाउँकार्यपालिकाको कार्यपालिका सम्झनुपर्छ।

**घ) "गाउँपालिका"** भन्नाले काठेखोला गाउँपालिकाको गाउँपालिका सम्झनु पर्छ।

**ङ) "सभा"** भन्नाले काठेखोला गाउँपालिकाको सभा सम्झनु पर्छ।

**च) "वडा"** भन्नाले काठेखोलागाउँपालिकाको वडासम्झनुपर्छ।

**छ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले काठेखोलागाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

**ज) "शाखा "** भन्नाले काठेखोला गाउँपालिका अन्तर्गतको कृषीसेवा शाखा र पशुसेवा शाखा सम्झनु पर्छ।

**झ) "कृषक"** भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक,

**ञ) "कृषि"** भन्नाले **अनुसूची १** मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

**ट) "उत्पादक"** भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ।

**ठ) "एजेन्ट"** भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

**ड) "कोष"** भन्नाले यस ऐनको **दफा १८** बमोजिम स्थापित कृषि विकास कोषलाई सम्झनु पर्छ।

**ढ) "कृषि फार्म"** भन्नाले व्यवसायिक प्रयोजनको लागि **अनुसूची १** बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ।

**ण) "कृषि बजार"** भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ।

त) **"कृषि वस्तु"** भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

थ) **"कृषि व्यवसाय"** भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन ,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

द) **"खुद्रा बजार"** भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

ध) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

न) **"थोक बजार"** भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

प) **"बिक्रेता"** भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

फ) **"मन्त्रालय"** भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

ब) **"व्यवसायिक कृषि करार"** भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबद्र्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरुबीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

भ) **''समिति"** भन्नाले यस ऐनको **दफा ९** बमोजिम गठन भएको कृषि विकास समिति सम्झनु पर्छ ।

म) **"व्यवस्थापन समिति"** भन्नाले दफा २२ को उपदफा ७ बमोजिम गठन भएको कृषि बजार संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

य) **"संकलन केन्द्र"** भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

र) **"हाट–बजार"** भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

**ल) अनुदान** भन्नाले काठेखोला गाउँपालिका भित्र कृषी तथा पशुपालन व्यवसाय संचालन गरीरहेका फार्मरसमुहरसमितरसहकारीलाई व्यवसाय पर्वर्धनको लगी प्रदान गरिने रकम सम्झनु पर्छ ।

**व) उत्पादन अनुदान** भन्नाले कृषी तथा पशुपालन व्यवसाय गरी काठेखोला गाउँपालिका भित्र संचालीत समुह समिति सहकारी संकलन केन्द्र मार्फत कृषी तथा पशुपक्षीं जन्य उत्पादन विक्री वितरण गरे वापत प्रती ईकाईको लागी प्रदान गरिने रकम सम्झनु पर्छ ।

**श) पकेट क्षेत्र** भन्नाले गाउँपालिकाको आवश्यकता र स्थानिय सम्भाव्यताका आधारमा कृषी र पशुपक्षींको व्यवसायीक उत्पादन क्षेत्रलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## स्थानिय कृषि तथा पशुपंक्षि सम्बन्धी निर्देशक सिद्दान्त

**(३) मार्ग निर्देशनका रूपमा रहने**

(१) यस परिच्छेदको दफाहरूमा उल्लेखित निर्देशक सिद्दान्त मार्ग निर्देशनका रुपमा रहनेछन्

(२) काठेखोला गाउँकार्यपालिकाले यस परिच्छेदको दफाहरुमा उल्लेखित सिद्दान्तको कार्यन्वयन गर्न आवश्यकता अनुसार संस्थागत संरचना, जनशक्ती एवं श्रोत साधन परिचालन गर्ने गराउने छ ।

**(४) निर्देशन सिद्दान्त**

(१) काठेखोला गाउँपालिकाको संस्कृति, परम्पराको सम्मान र संरक्षण तथा जैविक विवीधताको जगेर्ना, तुलनात्मकरुपमा बढी उत्पादन दिने बालि तथा पशुपक्षींको खेती र पालन, उपजको व्यवसायिकरण एवं विशिष्टिकरण गरि खाद्यान्नमा तथा पशुजन्य वस्तुमा आत्मनिर्भर वनाउन खाद्य संप्रभुताका आधारभुत मान्यता र मापदण्ड अनुसारको दिगो कृषी प्रणाली अपनाउने।

(२) समग्र कृषि क्षेत्रको विकास, व्यवसायिकरण, यान्त्रिकरण र विशिष्टिकरणका लागि सहकारी, सहकारी तथा नीजिक्षेत्रको साझेदारी एवं, सहकार्यलाई आत्मासाथ गरी कार्यान्वयन गर्ने, यसका लागि सहकारी खेती, चक्लावन्दी, करार खेती आदिको प्रोत्साहन गर्ने।

(३) कृषि क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न कृषि उद्यम स्थापना तथा संचालनमा जोड दिई कार्यक्रम संचालन गर्ने, युवा वर्गलाई श्रम सहकारी, कृषि व्यवसाय तथा उद्यमसँग जोडी थप रोजगारिको अवसर सृजना गर्ने।

(४) कृषिक्षेत्रमा आश्रित महिला तथा पुरुष कृषक, (विपन्न, साना किसान, महिला, दलित, आदिवासी जनजाती तथा युवा वर्ग) लाई कृषी प्रविधीमा पहुँच, कृषि प्रविधि अवलम्वन गर्ने क्षमताको विकास, यस्ता वर्ग मैत्री प्रविधिको विकास र प्रवर्धन गरि कृषिलाई सम्मानजनक पेशा एंव आर्थिक समृद्धिका माध्यमको रुपमा विकास गर्ने।

(५) कृषी क्षेत्रमा स्थानीय स्रोतसाधनको सदुपयोगमा जोड दिने त प्रांगारिक उत्पादन तथा बजारिकरणलाई प्रोत्साहन गर्ने। मानव एंव पशुपंक्षी स्वास्थयमा हानि पुर्याउने रसायन एंव विषादीको प्रयोगलाई निरुत्साहित गर्ने।

(६) काठेखोला गाउँपालिकाबाट कृषि कार्यका लागि वैज्ञानिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कृषक एंव कृषि उद्यमिलाई उपलब्ध गराउने सहलगानिलाई व्यवस्थित, पारदर्शी र न्यायोचित वनाउन सोको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धतिलाई व्यवस्थित बनाउने।

(७) नेपाल सरकारको भू-उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दीगो उपयोग गर्दै संघ, प्रदेश र स्थानिय सरकारको कृषि विकासको रणनीति एंव समग्र विकासको लक्ष्य हासिल गर्न योगदान गर्ने।

(८) पशुपंक्षिपालन, नश्ल्र सुधार, प्रजातिको विकास विस्तार र हस्तान्तरण, चरिचरन रोजगार र आयआर्जन उन्मुख उद्येश्य हुनेछ।

## परिच्छेद-३
## कृषि प्रसार सेवाको संचालन एवं व्यवस्थापन तथा नियमन

**५) कृषि प्रसार सेवाको सञ्चालन एवं व्यवस्थापन तथा नियमनका लागि संस्थागत संरचनाः**

कृषि प्रसार सेवाको संचालन एवं व्यवस्थापन तथा नियमनका लागि गाउँपालिकाले यस ऐन मार्फत देहाय बमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नेछः

१) कृषि तथा पशुसेवा शाखा र सेवा केन्द्रको स्थापना, संचालन र व्यवस्थापन

(क) कृषि तथा पशुसेवा शाखा र हरेक वार्डमा कृषी तथा पशुसेवा केन्द्र स्थापना गरी व्यवस्थित ढंगले संचाल गरिनेछ।

(ख) कृषि प्रसार सेवालाई नियमित र प्रभाबकारी बनाउन आवश्यक कर्मचारिको दरवन्दी पहिचान गरि नियम अनुसार पदपूर्तिको व्यवस्था गरिनेछ।

(ग) कृषि तथा पशुसेवा शाखाको क्षमता बिकासका लागि आवश्यक व्यवस्था गर्ने।

(घ) कृषी तथा पशुसेवा केन्द्रको दरबन्दी र स्थान गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

२) विशिष्टकृत सेवा प्रणालीमा आधारित कृषि प्रसार सेवाः

(क) गाउँपालिका क्षेत्रभित्रका लक्षीत वर्ग (विपन्न, साना कृषक, दलित, जनजाती, एकल महिला, महिला, पिछडिएको वर्ग) लाई प्राथामिकतामा राखी आयआर्जनको कार्यक्रम संचालन गरिनेछ।

३) स्थानिय तहमा श्रोत केन्द्रको स्थापना तथा संचालनः

(क) स्थानीय स्तरमा कृषि प्रविधिको परिक्षण, प्रदर्शन र विस्तारका लागि गाउँपालिकाले आवश्यकता अनुसार श्रोत केन्द्रको स्थापना तथा संचालन गर्न सकिनेछ।

(ख) उपदफा (क) अनुसारको श्रोत केन्द्र संचालनको लागि आवश्यकता अनुसार सरकारी, सहकारी र नीजि साझेदारीको अवधारणा अवलम्बन गर्न सकिनेछ।

४)सूचना तथा प्रचार प्रसारः

(क) गाउँपालिकाले कृषकलाई कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम, प्रविधी, प्राविधिक सेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउनेछ ।

(ख) उपदफा (क) वमोजिमको सूचना तथा प्रचारप्रसारका लागि कृषि बाली, तरकारी, फलफूल, नगदेवाली, पशुपंछी पालन, माछापालन सम्बन्धी व्यवहारयोग्य पाठ्य सामग्री तयार गर्ने, वेभसाइट, मोबाइल एप, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत प्रचारप्रसार र बहस चलाउने, कृषि संजाल, कृषक/समूह/समिती तथा सहकारी सम्मिलित प्रविधि प्रदर्शन कार्यक्रम प्रत्येक वार्डमा संचालन गरिनेछ।

(ग) कृषकहरुले सूचना मागेका बखत उपलब्ध गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ। माग भएको सूचना उपलब्ध नगराईएको पाइएमा जिम्मेवार पदाधिकारीलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

५)कृषि प्रदर्शनि तथा व्यापार मेला संचालनः

(क) गाउँपालिकामा उत्पादित मौसम अनुसारका उत्पादनको संरक्षण प्रवर्द्धन र बजार विस्तारको लागि सुहाउँदो स्थानमा कृषि तथा व्यापार मेला एंव कृषि प्रदर्शनि संचालन गर्ने छ।

६) पुरस्कार तथा प्रोत्साहनः

कृषी पेशा लाई प्रोत्साहन गर्न यस पेशामा संलग्न उत्कृष्ट कृषक/कृषी उद्यमि तथा व्यवसायी/कृषक समुह/कृषी सहकारी/कृषी समिति/कृषी कम्पनी/कृषी प्राविधीक/कृषि सेवा प्रवाह गर्ने उत्कृष्ट निकाय/कृषी संजाल लाई गाउँपालिकाले पुरस्कृत गर्न सक्नेछ ।

(क) उपदफा (६) अनुसारको पुरस्कारको लागी आर्थीक विकास समितिले तयार गरेको मापदण्डका आधारमा कृषी संजालले सिफारिस गरेका कृषकहरूको कृषी विकास समिति मार्फत छनौट गरि गाउँकार्यपालिकाको निर्णय बमोजीम पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद-४

## कृषी तथा पशुपक्षीं फर्म, समूह ,सहकारी, कृषि संजाल, कृषि विकास कार्यदल सम्बन्धी व्यवस्था

**६. कृषी तथा पशुपक्षीं फर्म/फ्रेस हाउस दर्ता गर्नुपर्नेः**

(क) कृषि तथा पशुपक्षीं फर्म संचालन गर्न चाहने कृषकले फर्म संचालन गर्नु अघि सम्बन्धित वडामा दर्ता गर्नुपर्नेछ ।

(ख) उफदफा (क) बमोजीमको फर्म दर्ता गर्दा कृषीको क्षेत्र (कृषी बालि/पशुपक्षी/माछा/ किट व्यवसायः-मौरी/च्याउ) खुल्नु पर्ने छ ।

(ग) उपदफा (ख) बमोजीम फर्म क्षेत्र अनुसार कृषी तथा पशुसेवा शाखाको शिफारिसमा सम्वन्धीत वडा कार्यलयले दर्ता गर्ने छ ।

(घ) उफदफा (ख) बमोजीमको फर्म दर्ता गरी प्रमाणपत्र जारी गरिने छ ।

(ङ) व्यवसाय दर्ता, नवीकरण तथा अन्य शुल्क लगायतका व्यवस्था काठेखोला गाउँपालिकाको आर्थीक ऐन वमोजिम हुनेछ।

(च) दफा (ग) अन्तर्गतका व्यवसाय दर्ताको लागी सम्वन्धीत वडा कार्यलयमा निवेदन दिनुपर्ने छ र **मापदण्ड** पुगेको भए सम्बन्धीत वडा सेवा केन्द्रको प्राविधीकको शिफारीसमा त्यस्तो फर्म दर्ता गरी अभिलेख राखिने छ । दर्ता अभिलेखको एक प्रती सम्वन्धीत वडाले कृषी तथा पशु सेवामा जानाकारीको लागी पठाउनु पर्ने छ ।

**७. कृषक समूह र सहकारीको गठनः**

१) सहभागितामुलक कृषि तथा पशु विकास कार्यक्रमको व्यवसायिकता अभिबृद्धि गर्न सहजिकरणका लागी क्षेत्रगत तथा विषयगत कृषक समुह गठन गरिनेछ तथा विषयगत सहकारीको मापदण्ड पुगेका कृषक समुहलाई विषयगत सहकारीको रुपमा रुपान्तरण गरिने छ ।

२) कृषक समुह दर्ता गर्नको लागी बिद्यान निर्माण गर्नु पर्ने छ ।

३) कृषक समुह दर्ता तथा नविकरण शुल्क गाउँपालिकाले तोके वमोजिम हुनेछ।

**८. कृषि संजालः**

क) कृषि क्षेत्रमा संलग्न विभिन्न सरोकारवालाहरुको संलग्नतामा तथ्यांक संकलन, कृषि सूचना प्रचारप्रसार, योजना तर्जुमा, कार्यक्रम संचालनको लागी सहजीकरण गर्नको लागी प्रत्येक वडामा कृषी/पशुपक्षीं संजाल गठन हुनेछ।

ख) हरेक वडाको कृषी संजाल बाट एक/एक जना प्रतिनिधित्व हुने गरि गाउँपालिका स्तरिय कृषि विकास समिति गठन हुनेछ ।

ग) गाउँपालिका स्तरीय कृषि बिकास समितिको गठन तथा परिचालनः

१) उपदफा (२) अनुसार गाउँपालिका स्तरिय कृषी विकास समितिको गठन देहाए अनुसार हुनेछ

(क) उपप्रमुख – संयोजक

(ख) आर्थीक विकास संयोजक - सदस्य

(ग) उपप्रमुखले तोकेको कार्यपालिकाका सदस्य कम्तिमा १ जना महिला सहित ४ जना – सदस्य

(घ) कृषि संजालको प्रतिनिधि हरेक वार्ड बाट १/१ जना – सदस्य

(ङ) कृषि तथा पशु शाखा प्रमुख – सदस्य सचिव

घ) कृषि विकास समितिको काम, कर्तव्य र अधिकारः

१) उपदफा (३) को (१) अनुसार कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) स्थानीस्तरमा कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक निति निर्माण गरि आर्थीक विकास समितिमा सुझावको रुपमा पेश गर्ने,

ख) संजाल बाट प्राप्त वार्षीक कार्यक्रम छनौट गर्ने,

ग) पालिका मार्फत प्रदान गरिने व्यवसायिक अनुदानको (समानीकरण तर्फ) लागी अनुदानग्राही छनौट गर्ने,

घ) योजना तथा कार्यक्रमको अनुगमन गर्ने,

**परिच्छेद – ५**

**सामुहिक तथा करार खेती, पकेट क्षेत्र विकास तथा संचालन**

**९. सामुहिक तथा सहकारि खेती सम्वन्धि व्यवस्थाः**

१) साना तथा विपन्न कृषकलाई व्यवसाय तर्फ उन्मुख गर्न सामुहिक तथा सहकारि खेतिलाई प्रोत्साहन गरिनेछ ।

१०. **करार खेती सम्वन्धि व्यवस्थाः**

१) गाउँपालिका भित्र रहेका पर्ति, ऐलानी तथा प्रयोग बिहिन जग्गामा कृषि गर्न चाहाने जो कोही कृषक/समुह/सहकारी/फार्म लाई कृषी प्रयोजनका लागि प्रयोग तथा करारनामा दिन सकिनेछ ।

**११. पकेट क्षेत्र विकास तथा संचालनः**

१) कृषि उपजको उत्पादन तथा उपादकत्व पहिचान गरि कृषिको व्यवसायीकरण एंव विशिष्टिकरणका लागि गाउँपालिकाले भौगोलिक र प्राविधिक सम्भाव्यता र उपयुक्ताको आधारमा कृषि तथा पशुपंक्षी जन्य उत्पादन पकेट क्षेत्रको निर्धारण गरि कार्यक्रम संचालन गर्नेछ।

**परिच्छेद-५**

**कृषि तथा पशुपंक्षिको तथ्यांक सम्बन्धी व्यवस्था**

**१२ . तथ्यांक अभिलेख राख्नु पर्नेः**

१) गाउँपालिकामा रहेका कृषि तथा पशुवस्तु सम्वन्धि निकायले आफ्नो क्षेत्र भित्रको कृषि जमिन, कृषि बालि, फलफूल, तरकारि बालि, नगदे बालि, रैथाने बालि, कृषि उपजको उत्पादन तथा खपत, मलखादको आवश्यक परिमाण, रोग तथा किरा र पशुपंक्षि पालन सम्वन्धि आवश्यक तथ्यांकको अभिलेख राख्ने छ र वार्षीक रुपमा अध्यावधीक समेत गर्ने छ ।

२) उपदफा (१) वमोजिम संकलित तथ्यांकलाई ति निकाले सार्वजनिक गर्ने र आफू भन्दा माथिल्लो निकायमा पठाउने छ । यसरि तयार गरिएको तथ्यगत तथ्यांकलाई अध्यन विश्लेषण गरि सो अनुसार आगामि कृषि रणनिति/निति तथा कार्यक्रम निमार्णमा उपयोग गरिनेछ।

३) उपदफा (२) वमोजिम तथ्यांक संकलन गर्न विशेषज्ञ सेवा आवश्यकता भएमा करारमा लिन सक्नेछ।

**परिच्छेद-६**

**कृषि सामग्रिको आपूर्ति, उपयोग र नियमन**

**१३. बिउ,बिजन,मलखाद तथा जैविक विषादिको सहज उपलब्धता**

१) गाउँपालिकाको कृषकलाई आवश्यक उन्नत नश्ल सुधार,पशुपन्क्षी पोषण, विउ विजन,कृषि औजार, जैविक विषादि, मलखाद, औषधि जस्ता कृषि सामाग्रीहरु सरल र सहज ढंगबाट उपलब्ध हुनेछ ।

२) रोगव्याधि, किराजन्य महामारी र संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग महामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुर्याउनेछ।

३) गाउँपालिकाले बिउ बिजन, विषादी, मलखाद बिक्रि बितरणको लागी कृषि सहकारी र कृषक समुहलाई प्राथमिकता दिईनेछ।

**१४. कृषि सामाग्री तथा बिउ, बिषादि नियमन**

१) गाउँपालिकाले पालिका क्षेत्र भित्र बिक्रि वितरण हुने कृषि सामाग्री, बिउ बिजन, बिषादी, नश्ल सुधार आदिको अनुगमन तथा नियमन गर्नेछ।

२) अनुगमन तथा नियमन काठेखोला गाउँपालिकाको स्थानिय बजार व्यवस्थापन ऐन बमोजीम हुनेछ ।

**परिच्छेद-७**

**किसानको वर्गिकरण,अनुदान,विमा,कोष तथा ऋण सम्बन्धित व्यवस्था**

**१५. किसानको वर्गिकरणः**

१) गाउँपालिकाले कार्यविधि वा मापदण्ड निर्धारण गरी कृषकको वर्गिकरण गर्ने छ।

२) भुमिहिन कृषकलाई भू-उपयोगको मापदण्ड बनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा जमिन उपलब्ध गराई कृषि व्यवसायमा संलग्न गराउने छ।

**१६. अनुदान र सहलगानि सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिकाले समग्र कृषि क्षेत्रको विकासका लागि कृषि व्यवसाय तथा कृषि उपज उत्पादन, नमुना फर्म स्थापना तथा संचालन, व्यावसायिक फर्म, पशु प्रजनन, कृषि सामाग्रि, पूर्वाधार निर्माण, बजारिकरण, क्षति तथा विपत व्यवस्थापन, प्रविधि सेवाको क्षेत्रमा कृषक, कृषक समुह, सहकारि, व्यवसायिक फर्मलाई मापदण्ड बनाई अनुदान वा सहलगानी उपलब्ध गराउने छ ।

२) गाउँपालिकाले लक्षित वर्ग (महिला, दलित, उत्पीडित, पिछडिएको वर्ग, भूमिहिन कृषक, गरिबिको रेखामूनि रहेका कृषक) लाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराउने छ।

३) उपदफा (१) अनुसार अनुदान वितरण गरि व्यवसाय प्रवर्धन गरिएका लाभग्राहीलाइ समेत उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी वनाउन वा त्यस्तो सुविधा लिनको लागी यस ऐनले बाधा पारेको मानिने छैन ।

**१७. बीमा सम्बन्धी व्यवस्थाः**

१) कृषि बालि, नगदे बालि, तरकारि खेती, फलफूल, पशुपंक्षी पालन, माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकहरुलाई बीमा वापतको रकम भुक्तानी हुने सुविधा उपलब्ध गराईनेछ । निरन्तर ३ वर्ष निर्जिवन विमा गरेका कृषकहरुलाई वालि तथा पशुधनमा पुर्ण क्षति भएमा विमाकं रकमको ५० प्रतिशत रकम क्षतिपुर्ती हुने व्यवस्था गरिने छ ।

**१८. कृषि विकास कोषः**

१) गाउँपालिकाले कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि विशेष कोषको स्थापना तथा संचालन गर् नेछ।

२) उपदफा (१) वमोजिम स्थापना भएको कोषबाट कार्यविधि बनाई कृषकलाई विशेष अनुदान, सहलगानिको व्यवस्था गर्न सकिनेछ।

**१९. कृषि ऋणः**

१) व्यवसायिक कृषक, कृषि उद्यमिलाई सहुलियत व्याजदरमा कृषि ऋण उपलव्ध गराउन बैंक तथा वित्तिय संस्थासँग गाउँपालिकाले सहजीकरण गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजीम ऋण प्राप्त ऋणीहरुको लागी व्याजमा अनुदान दिने छ ।

**परिच्छेद-८**

**भण्डारण, प्रशोधन,बजार व्यवस्थापन तथा गुणस्तर मापदण्ड**

**२०. कृषि उपजहरुको भण्डारण**

१) गाउँपालिकाले आपतकालिन अवस्थाका लागि कृषि जन्य वस्तुहरुको उचित भण्डारणको व्यवस्था गर्ने छ ।

२) रैथाने, लोपोन्मुख तथा स्थानीय परम्परा, संस्कृतिसँग जोडिएका वाली वस्तुको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय तहमा विउ बैंक, प्रजनन केन्द्र तथा विशेष संरक्षण क्षेत्रको व्यवस्था गर्न सकिनेछ।

३) कृषि उपजको सहज उपलब्धता र वजारिकरणका लागि सामुदायिक एंव नीजि क्षेत्रको सहभागितामा कृषि उपजको भण्डारणमा सहजीकरण र सहकार्य गर्ने छ।

**२१. गुणस्तर मापदण्ड, खाद्य प्रशोधन तथा माछा मासु प्रशोधन केन्द्रः**

१) गाउँपालिकामा उत्पादन भएका वा आयातित कृषि उपजको गुणस्तर मापदण्ड तयार गरिने छ ।

२) आन्तरिक रुपमा बाह्य बजार बिस्तारका लागि खाद्य वस्तुहरुलाई प्रशोधन गरि लामो समयसम्म गुणस्तर कायम राख्न सक्ने गरि भण्डारण, प्रशोधन केन्द्र स्थापना गरिने छ ।

**२२. बजार व्यवस्थापनः**

१. गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गरिने छ ।

२. उपदफा (१) अनुसारको कृषि बजार सहकारि वा कृषि व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई संचालन गर्न सक्नेछ।

३. उपदफा (१) वमोजिम स्थापना हुने कृषि बजारको वर्गिकरण देहाय वमोजिम हुनेछः

क) हाटबजार

ख) थोक बजार

ग) खुद्रा बजार

घ) संकलन केन्द्र

४. उपदफा (१) वमोजिम बजार संचालन बापत लाग्ने शुल्क गाउँपालिकाले तोके वमोजिम हुनेछ।

५. बजारको पुर्वाधार निर्माण गर्दा नदिनाला, खोलाखोल्सा देखि कम्तिमा पनि ३० मिटर टाढा निर्माण गरिनेछ।

६. मासुजन्य पदार्थको स्वच्छता कायम गर्न आधुनिक वधशालाको निर्माण, सुदृढिकरण र विस्तार गरिनेछ ।

७. कृषि बजारको प्रभावकारि र दिगो संचालन, मर्मतसम्भार तथा विस्तारको लागी आवश्यकता अनुसार संचालनक समितिको गठन गरिने छ ।

**परिच्छेद-९**

**कृषि योग्य जमिन व्यवस्थापन**

**२३. जग्गा भाडामा लिन दिन सक्ने**

१) भुमिहिन वा कम जमिन भएका वा व्यावसायीक कृषी गर्न चाहने व्यक्ति वा कृषक समुह र सहकारीलाई उत्पादनमा बृद्धि गर्न सहयोग पुर्याउनका लागि कृषि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रर्वर्धन गर्दै आधुनिक खेति प्रणालि बिकासका लागि गाउँपालिकाले जग्गा भाडामा लिने दिने पक्ष बिच समन्वयात्मक भुमिका खेल्न सक्नेछ।

२) उपदफा (१) बमोजिम भाडामा दिने र लिने पक्ष बिच करारनामा सम्झौता भएका भाडामा दिने जमिनका हकदारसँग तोकिय बमोजिम जमिन भाडा कर उठाईनेछ ।

३) सामुहिक वा सहकारी खेती गर्न चाहाने कृषक समुह/कृषी सहकारी हरूलाई वार्षीक भाडामा अनुदानको व्यवस्था गरिने छ ।

४) खाली ऐलानी, पर्ति जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

५) व्यवसायीक कृषी तथा पशुपक्षीं पालन व्यवसायको लागी जग्गा भाडामा उपलब्ध गराउने व्यक्तीहरुको लागी त्यस्तो जमिन जति वर्ष करार गरिएको हो त्यति नै वर्ष मालपोत मा छुट दिने छ ।

६) माथि उपदफाहरुमा जुनसुकै कुरा उल्लेख भएता पनि कुनै किसानले कृषि योग्य जमिन बाँझो राखेमा त्यस्ता किसानहरुलाई गाउँपालिकाले तोकिए बमोजिमको जरिवाना गर्न सकिनेछ।

**२४) स्थानिय चरन तथा खर्क विकासमा व्यवस्थापन**

१) कृषि तथा पशुपन्छीको विकासको लागि स्थानिय तहमा उपलब्ध भएका सार्वजनिक जमिन, खर्क वा बाँझो जमिनलाई चरन, खर्क क्षेत्र सुधार गर्नेछ ।

२) गाउँपालिकाको क्षेत्र भित्र खुल्ला चरीचरण नियन्त्रणका लागि आवश्यक कार्यविधि बनाई कान्जि घर बनाई व्यवस्थापन गरिनेछ ।

**परिच्छेद-१०**

**विविध**

**२५. मागमा आधारित कार्यक्रम संचालन सम्बन्धी व्यवस्थाः**

१) लक्षीत वर्ग, साना किसान, व्यवसायिक कृषक, फर्म, समुह, सहकारीहरूको तत्काल व्यवसायीक तथा जिविकोपार्जन गर्ने खालका कार्यक्रम संचालनको लागी (साना सिंचाई, भकारो सुधार, गोठ सुधार, प्राकृतिक गर्भाधानको लागी रागो/साढे/विर/वोका वितरण, स्थलगत तालिम, आदी) तथा व्यवसाय प्रर्वर्धनको लागी मागमा आधारीत कार्यक्रमहरू संचालन गरिने छ ।

**२६. वालि उपचार शिविर/माटो परिक्षण शिविर/ बाझोंपन निवारण शिविर सम्बन्धी व्यवस्थाः**

१) पालिका क्षेत्र भित्र विज्ञ सहितको समुह बनाई कृषकहरुको व्यवसायमा हुने जोखिम न्युनिकरणको लागी अर्धवार्षीक रुपमा वा आवश्यकताको आधारमा स्थलगत रुपमा शिविरहरु संचालन गरिने छ।

**२७. प्रकोप व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

१) विभिन्न मौसम र जोखिम(रोग,किरा)को अवस्था अनुसार कृषकहरुलाई निःशुल्क औषधी, विषादीको व्यवस्था गर्न आवश्यक मापदण्ड वनाई कार्यान्वियन गरिनेछ।

**२८. कृषक तालिम तथा अध्यानअवलोकन सम्बन्धी व्यवस्थाः**

१) व्यवसायिक कृषकहरूको क्षमता अभिवृद्दीको लागी, नया कृषकहरुलाई कृषि व्यवसायमा आकर्षीत गर्नको लागी, अनुभव आदान-प्रदान गरि दिगो कृषिको ब्यवसायिकरण तथा बजारिकरण गर्नको लागी कृषकहरुलाई वडा स्तरिय तालिम,पालिका स्तरिय तालिम, अन्तरपालिका स्तरिय, अन्तर प्रदेश स्तरिय अध्ययन अवलोकन भ्रमणको आवश्यकता र माग बमोजिम व्यवस्था गर्ने छ।

**२९. पानी मुहान,पोखरी, नदिनाला,स-साना कूलो संरक्षण सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्र भित्र प्राकृतिक रुपमा रहेका पानीका मुहान,पोखरी नदिनाला, परम्परागत कूलो बाँध पैनी मर्मत संभार र जिर्णोद्धार गरि सिंचाई तथा खानेपानीका लागि संचालनमा ल्याईनेछ।

**२७. जलवायु अनुकुलन,जैविक विविधता र वातावरणको संरक्षणः**

१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकासमा जोड दिईनेछ। प्राकृतिक पहिचान भएका वालि बोट विरुवा तथा विउ विजनको अनुवंश, जिवको संरक्षण, सम्र्वर्धन, प्रर्वधन र जलवायु अनुकुलन गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

२) उपदफा (१) बमोजिम संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदर हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दिगो रुपमा संरक्षण गर्नुपर्नेछ।

**२८. अन्तर निकाय समन्वय र सहकार्यः**

१. गाउँपालिका क्षेत्र भित्र कार्यरत अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यक्रम संचालनमा दोहोरो नपर्ने र समन्वय तथा सहकार्यमा योजना तर्जुमा गरि कार्यान्वियन गरिनेछ।

**२९. कृषि पर्यटनः**

१.पर्यटन प्रवर्द्धन हुनेगरी व्यावसायिक कृषि संचालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्नेछ। कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्द्धन हुने गरि संचालन गर्नु पर्नेछ। कृषि पर्यटन प्रवर्द्धन गर्न नमुना कृषि पर्यटन स्थल घोषणा गरिनेछ।

**३०. कृषि वन प्रणालीको विकासः**

**१.** जलवायु तथा पर्यावरण क्षेत्रमा आएको फेरवदल र बढ्दो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि व्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विशेष वाली तथा फलफूलको खेति विकास गरि खाद्यान्न, फलफूल तथा नगदेवाली र घाँस खेती विकास गरिनेछ।

**३१.निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः**

यो ऐन र ऐन अन्तर्गत बनेको नियमको अधिनमा रहि ऐनमा उल्लेखित वुदाँहरु सम्बन्धमा आवश्यकता अनुसार कार्यविधी,निर्देशीका तथा मापदण्ड बनाई लागु गर्न सकिनेछ।

**अनुसूची-१**

**दफा २ को खण्ड (ञ) र (ढ) सँग सम्बन्धित**

१. खाद्यान्न बाली,

२. वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प

३. पशुपन्छी,

४. मत्स्यपालन,
५. पशुपन्छी जन्य उत्पादन मावछा, मासु,दुध,फुल,हाड,छाला,ऊन
६. च्याउ,
७. मौरी, रेशम
८. चिया, कफी, अलैची, सुपारी
९. घाँसेवाली
१०. तेलहन, दलहन
११. कपास, जुट, उखु,रबरखेती,टिमुर
१२. कृषि पर्यटन
१३. कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु
१४. कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
१५. कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको उत्पादन, प्रशोधन, प्रशोधन केन्द्र तथा उद्योग
१६. खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु।

आज्ञाले,
खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत